# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।२६ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी रमेश प्रसाद यादवसमेत रहेको गैरकानूनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट तिरहुत गाउँपालिका, सप्तरीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादव समेतका प्रतिवादीहरु उपर जिल्ला सप्तरी, तिरहुत गाउँपालिका वडा नं. ५ स्थित पर्यटन क्षेत्रमा आर.सि.सि. गेट निर्माण, अधुरो भवन निर्माण रंगरोगन तथा व्यवस्थापन सम्बन्धी योजनामा वास्तविक भए गरेको भन्दा बढी काम भएको भनी नापी किताव, अनुगमन प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई झुट्टा बिल भरपाई पेश गरी भुक्तानी नै गर्न नमिल्ने रकम भुक्तानी गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) तथा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) तथा दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन साथै प्रतिवादीहरुबाट रु.११,१९,९४९।३३ बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०३।१८ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०८।२६ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी